यस वित्तीय संस्थाको मिति २०७२।०५।२९ गतेको समितिको ३१७ औं बैठकबाट पारित भई ने.रा बैंक समक्ष प्रस्तुत पूँजी योजना

**प्रोग्रेशिभ फाईनान्स लि.**

**पाको न्यूरोड, काठमाण्डौको**

**न्यूनतम चुक्ता पूँजी समानुपातिक रुपमा बृद्धि गर्नका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश हुने**

**व्यावसायिक योजना/पूँजी योजना**

**पृष्ठभूमिः**

यस वित्तीय संस्था विगत समयमा घरजग्गाको कारोबारमा आएको शिथिलताको कारण आन्तरिक सुशासन कमजोर भई वित्तीय समस्या झेलिरहेको अवस्थामा करीव एक वर्ष अघि संस्थापक समूहमा नयाँ लगानीकर्ताहरुको सहभागीता पछि विगतका समस्या क्रमिक रुपमा हल गर्दै हालको न्यूनतम पूँजी पूरा गर्न मिति २०७२ श्रावण १७ गते देखि भाद्र २० गतेसम्म हकप्रद पूँजी संकलन भै सकेको तथा केही बाँकी शेयर सार्वजनिक सूचनाद्वारा विक्री गरी हाल कायम गर्नुपर्ने न्यूनतम शेयर पूँजी पूरा गर्ने कार्य अगाडी बढीरहेको छ। वित्तीय संस्थाको हालको व्यवस्थापनबाट जनविश्वास बढ्न गई निक्षेप र कर्जा कारोबारमा व्यवसायिकता कायम गरी प्रतिफलमूलक बन्न जाने सम्भावना समेत बृद्धि हुँदै गएको अवस्था रहेको छ। यही क्रममा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०७२/०७३ एवं नेपाल राष्ट्र बैंकले मिति २०७२/०४/२१ गतेका दिन जारी गरेको निर्देशन अनुसार २०७२ भाद्र मसान्तभित्र पूँजी बृद्धि गर्ने योजना पेश गर्नुपर्ने भएकोले देहाय बमोजिमको प्राथमिकता अनुसार लगानीकर्ताहरु सम्मिलित आगामी वार्षिक साधारणसभाबाट हुने निर्णय अनुसार २०७४ आषाढ मसान्तभित्र वा नेपाल राष्ट्र बैंकले पूँजी बृद्धि गर्न कायम गरेको/गर्ने अन्तिम समय सीमाभित्र उपयुक्त निर्णय गर्नेगरी हाललाई यस वित्तीय संस्थाको सञ्चालक समिति देहाय बमोजिम पूँजी योजना प्रस्तुत गर्दछौं।

**२०७४ आषाढ मसान्तसम्म तोकिएको न्यूनतम पूँजी योजना पूरा गर्न सञ्चालक समितिले अपनाउने प्राथमिकताहरु तथा प्रतिवद्धता :**

**क) जानकारी**

१. नयाँ संस्थापक लगानीकर्ता समूह २०७२ बैशाखबाट व्यवस्थापकीय जिम्मेवारीमा रहेको छ।

२. चालु आ.व. २०७२/७३ मा हकप्रद शेयर जारी भइसकेको हुँदा नयाँ पूँजी योजना अनुसार यस वर्ष समानुपातिक वृद्धि गर्नुपर्ने भन्ने निर्देशनमा उल्लेख भएतापनि चालु आ.व.मा दुईपटक हकप्रद शेयर जारी गर्न कानूनतः नमिल्ने भएको हुँदा चालु आ.व.मा हाल कायम न्यूनतम चुक्ता पूँजी पूराहुने तर समानुपातिक बृद्धि गर्न नसकिने व्यहोरा अनुरोध छ।

**ख) पूँजी योजना पूरा गर्न समितिले अपनाउने प्राथमिकताहरु**

**प्राथमिकता नं. १.**

आगामी वार्षिक साधारण सभामा वित्तीय संस्थाको प्रतिष्ठा बृद्धि हुनेगरी व्यवसायिकता अभिबृद्धि गर्ने तथा संस्थागत सुशासन कायम गरी लगानीकर्ताहरुलाई २०७३/७४ मा हकप्रद शेयर मार्फत पूँजी पुऱ्याउन अवसर प्रदान गरिनेछ।

**प्राथमिकता नं. २.**

प्राथमिकता नं. १ बमोजिम पूँजी लगानी गर्न लगानीकर्ता/साधारणसभा असमर्थ भएमा एक आ.व.को वोनस शेयर एवं लगानी गर्न इच्छुक रहेको हदसम्मको हकप्रद शेयर जारी गरी बाँकी पूँजी मर्जर प्रक्रियाबाट पूरा गर्न प्रयत्न गरिनेछ।

**प्राथमिकता नं. ३.**

प्राथमिकता नं २ बमोजिम थप पूँजी लगानी गर्न लगानीकर्ता/साधारणसभा असमर्थ भएमा 'ग' वर्गको न्यूनतम चुक्तापूँजी पूरा हुनेगरी क्षेत्रियस्तरका अन्य 'ख' वा 'ग' वर्गका वित्तीय संस्थासँग मर्जर गरिनेछ।

**प्राथमिकता नं. ४.**

प्राथमिकता नं ३ बमोजिम राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्थालाई तोकिएको पुऱ्याउनु पर्ने न्यूनतम चुक्तापूँजी पुऱ्याउन नसकिएमा राष्ट्रियस्तरका 'ख' वर्गको विकास बैंकमा बृहत मर्जरमा जान प्रयास गरिनेछ।

**प्राथमिकता नं. ५.**

प्राथमिकता नं. ४ बमोजिम 'ख' वर्गको राष्ट्रिय स्तरको विकास बैंकमा जानसक्ने स्थिति नरहेमा कुनै पनि क, ख वा ग वर्गको वित्तीय संस्थासंग एक्वीजिशन गरिनेछ।

**ग) सञ्चालक समितिका थप प्रतिवद्धता :**

**प्रतिबद्धता नं. १.**

नेपाल राष्ट्र बैंकले तोकेको समय सीमाभित्र माथि उल्लेखित मध्ये कुनै एक प्रक्रिया अपनाएर वित्तीय संस्थालाई कुशल व्यवस्थापन गर्नु सञ्चालक समितिको दायित्व हुनेछ।

**प्रतिबद्धता नं. २.**

कम्पनीको पूँजी, प्रतिष्ठा र कर्मचारीको उचित सुरक्षण र सम्मान एवं प्रतिफलमुलक हुनेगरी माथि उल्लेखित प्रक्रिया अवलम्बन गर्ने सञ्चालक समितिको कर्तव्य हुनेछ।

**प्रतिबद्धता नं. ३.**

कम्पनीको अन्तिम निर्णयकर्ता साधारण सभा भएकोले साधारण सभाको भावना अनुकुल नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनभित्र रही संस्थाले कुशलतापूर्वक प्रस्तावित पूँजी योजना पालना गर्ने प्रतिवद्धता सञ्चालक समिति नेपाल राष्ट्र बैंक समक्ष प्रस्तुत गर्दछ।